नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
आन्तरिक व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं
फोन नं. : ४२००४५३
फ्याक्स नं. : ४२००३७५

प.सं. :–०७५।७६आन्तरिक
च.नं. :

मिति : २०७५।६।२९

## साविकदेखि सेवा करारमा कार्यरत सहायक टेक्निसियनको व्यवस्थापन सम्बन्धी सूचना

यस मन्त्रालयमा साविकदेखि कार्यरत सहायक टेक्निसियन एक जना सेवा करारमा कार्यरत रहँदै आएको अवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार यस मन्त्रालयको नयाँ स्वीकृत संगठन संरचना बमोजिम सहायक टेक्निसियनको हालको दरबन्दी कटौती हुन आएको छ।

नेपाल सरकार (म.पं.) को मिति २०७५।५।२ को निर्णयानुसार नयाँ संगठन संरचना बमोजिम स्वीकृत दरबन्दीमा नियमानुसार करार सेवामा लिन सकिने रिक्त पदहरुमा हाल सेवा करारमा कार्यरत व्यक्तिहरुबाट नै सेवा करार सम्झौता गरी काममा लगाउने र दरबन्दी मिलान हुन नसकी अवकाश दिनुपरेमा निजले पुऱ्याएको सेवाको कदर गर्दै कदरपत्रसहित सोही मितिको निर्णयानुसार नै शुरु तलब स्केलको ३ महिनाको पारिश्रमिक बराबर हुने रकम पुनर्स्थापना खर्च बापत उपलब्ध गराउनुपर्ने प्रावधान भएको र सो बमोजिमको व्यवस्था कार्यान्वयन गर्नका लागि साविकमा कार्यरत उक्त सहायक टेक्निसियनलाई अवकाश दिनुपर्ने अवस्था सृजना भएकोले देहाय बमोजिम सहायक टेक्निसियनलाई उक्त सुविधा र कदर पत्र सहित सेवाबाट मिति २०७५।७।१ देखि लागू हुने गरी अवकाश दिने भनी मिति २०७५।०६।२६ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | नाम | अबकास मिति |
|---|---|---|
| १. | ललित नारायण यादव | २०७५।०७।०१ |

(हिरालाल तण्डुकार)
शाखा अधिकृत